**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री वासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं.३९५**

**पुनरावेदन नं. ०७४-RB-००८२**

**मुद्दाः– आयकर (२०७०।०७१) ।**

| | |
|---|---|
| कम्पनी रजिष्टारको कार्यालयमा दर्ता कायम रही का.जि.का.म.न.पा. वडा नं. ६, बौद्धस्थित तारागाउँ रिजेन्सी होटल्स लिमिटेड (स्थायी लेखा नं. ३०००५२६३७) को तर्फबाट अख्तियार प्राप्त विकास अग्रवाल.......................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..........................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री शोभाकान्त पौडेल

शुरु कार्यालयको निर्णय मितिः–२०७३।०२।२८

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ता श्री रमण कुमार कर्ण

प्रत्यर्थी कार्यालयका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३/०२/२८ मा भएको संशोधित कर निर्धारणको आदेश उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा ६० दिनभित्र निर्णय नगरेको भनी आन्तरिक राजस्व विभागलाई सूचना दिई आयकर ऐन, २०५८ को दफा ११५(८) बमोजिम यस राजस्व न्यायाधिकरणमा पुनरावेदन पर्ने आएको प्रस्तुत मुद्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. करदाता श्री तारागाउ रिजेन्सी होटल्स लिमिटेडले आ. व. २०७०/०७१ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू.८,३३,०८,५६०।- देखाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७१।०८।२२ मा आय विवरण पेश गरेको।

२. आ.ब. २०७०/०७१ को लागि ठूला करदाता कार्यालयबाट कर परीक्षण हुँदा करदाताबाट पेश हुन आएको आय विवरण र सो को साथमा पेश भएका कागजात, प्रमाण तथा कर परिक्षणको शिलशिलामा पेश भएका कागजात तथा प्रमाणहरू अध्ययन, छानविन तथा हिसाव कितावको परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्चहरू दावी भएको, व्यवसायको मुनाफा र लाभतर्फ गणना हुनुपर्ने रकम समावेश भएको नदेखिएको तथा भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानीमा अग्रिम कर कट्टी गरेको नपाइएकोले आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नु पर्ने भएको हुंदा सो वमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्न स्वीकृत कर परिक्षण प्रतिवेदन बमोजिम आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७३।०२।१३ मा सुचना जारी भएको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३।०२।१३ मा जारी भएको सूचना श्री तारागाउ रिजेन्सी होटल्स लिमिटेडले मिति २०७३।०२।१४ मा बुझी लिई उक्त सूचनाको लिखित जवाफ करदाताले मिति २०७३।०२।२८ मा पेश गरेको।

४. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट जारी भएको संशोधित कर निर्धारण सम्बन्धी सुचनाका बुँदाहरुमा कुनै परिवर्तन गर्नुपर्ने नदेखिएकोले सोही बमोजिम करदाताको आ.ब. २०७०/०७१ को लागि रू.३२,३८,९२,५५६।४६ करयोग्य

आय कायम गर्नु पर्ने भनी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३/०२/२८ मा खडा भएको निर्णय पर्चा।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७३।०२।२८ मा जारी गरेको आ.व. २०७०/०७१ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी तारागाउ रिजेन्सी होटल्स लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३।०५।०६ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेको।

६. करदाता श्री तारागांउ रिजेन्सी होटल्स लि. ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३।०५।०६ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (८) बमोजिम ६० दिन भित्र निर्णय गरी सक्नु पर्नेमा नगरेकोले प्रस्तुत पुनरावेदन गरेको छु। क्यासिनो Rental वापतको विवादित रकम साधिकार निकायबाट कम्पनीले प्राप्त गर्ने अधिकार स्थापित भैसके पश्चात तत् बर्षको आयमा जनाउनु पर्ने र सो बर्षमा नै लेखाङ्कन गर्नुपर्नेमा वास्तविक रुपमा प्राप्त नै नभएको रकमलाई कम्पनीको आयमा समावेश गरेको, आ.व. २०६३।६४ सम्मको विपक्षी कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेश र सो आदेश सदर गर्ने प्रशासकीय पुनरावलोकनको निर्णय श्री राजश्व न्यायाधिकरण काठमाण्डौंबाट बदर गरी पुनः निर्णय गर्न भनिएको र सो सम्बन्धी मिसिल विभागमा विचाराधीन रहेको अबस्थामा पुर्व त्रुटिपूर्ण गणनालाई नै आधार मानि यस आ.व. को हकमा ह्रास आधार कायम गरेको, मर्मत तथा सुधार खर्च सम्बन्धमा भएको निर्णय कानुन बमोजिम साधिकार निकायबाट परीक्षण हुने क्रममा रहेकोमा सोको निर्णय नपर्खी विपक्षी कार्यालयबाट भएको निर्णय त्रुटिपूर्ण रहेको, आ.व. २०६३।६४ सम्मको नोक्सानी लगायतका खर्च कट्टीलाई अमान्य गर्ने गरी विपक्षी कार्यालयवाट भएको संशोधित कर निर्धारण आदेश राजस्व न्यायाधिकरण काठमाण्डौंवाट वदर भै विभागमा पुनः निर्णय हुन बाकी रहेकै अवस्थामा यस आ.व. को हकमा भएको संशोधित कर निर्धारण गर्ने विपक्षी कार्यालयको निर्णय तथा आदेश त्रुटिपुर्ण रहेको हुँदा बदर गरी आवाञ्छित कर दायित्व, शुल्क, जरिवानाबाट मुक्त गरी पाँउ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७४/७/१३ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।५।१६ मा भएको आदेश।

८. यसमा पुनरावेदक करदाताले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(क) बमोजिम विवादित कर रकम रु.१०,१५,७५,५८७।५९ को पचास प्रतिशत रकम धरौटी दाखिल नगरी पुनरावेदन पत्र दर्ता गरेको देखिंदा प्रस्तुत मुद्दा र लगाउका अन्य मुद्दामा समेत कानून बमोजिम राख्नुपर्ने धरौटी रकम यो आदेश भएको १५ दिन भित्र

दाखिला गर्न लगाई लगाउ कायम भएका सबै मुद्दाहरु समेत साथै राखी नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।५।२७ मा भएको आदेश।

९. यसमा पुनरावेदक करदाताको तर्फबाट विद्वान अधिवक्ता श्री रमणकुमार कर्णले काठमाण्डौ बाहिर रहेको कारण देखाई पेशी स्थगनको निवेदन पठाउनु भएकोले आजको सुनवाई गर्न मिलेन। प्रस्तुत मुद्दा अन्तिम पटकको लागि स्थगित गरिदिएको छ। प्रस्तुत मुद्दा र लगाउका मुद्दा समेत ५ बर्ष पुरानो भईसकेको हुँदा अर्को पेशीमा सुनवाईको सुनिश्चितताको लागि सबै मुद्दामा १५(पन्ध्र) दिनभित्र दुवै पक्षबाट लिखित बहसनोट पेश गर्न लगाई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/१२/१३ मा भएको आदेश ।

१०. क्यासिनो भाडा सम्बन्धमा कम्पनीले प्राप्त गर्नुपर्ने पूर्वनिर्धारित आम्दानी प्राप्त गर्न प्रयास नगरी रकम नदिएकोले आम्दानी नदेखाएको भनी कम्पनीले क्यासिनो संचालन भएको अवधि सम्मको भाडा रकम रु.५,४०,००,०००।- मध्ये आयमा समावेश गरेको रु.२,७०,००,०००।- लाई समायोजन गरी आयमा समावेश हुन छुट गएको रु. रु.२,७०,००,०००।- आयमा समावेश गरेको, कम्पनीले प्रमाण विनाको दावी गरेको ह्रास आधारलाई मान्यता नदिई आयकर ऐन, २०५८ को दफा १९ तथा अनुसूची २ बमोजिम हुन आउने ह्रास खर्च भन्दा बढी दावी गरेको खर्चलाई अमान्य गरेको, आयकर ऐन, २०५८ को दफा १६(२) बमोजिम मर्मत सुधार र खर्च आय वर्षको अन्तमा रहेको सम्पत्तिको समूहको ह्रास आधार रकमको ७ प्रतिशत भन्दा वढी हुने छैन भनी उल्लेख भएकोमा सोही आधारमा कायम गर्नुपर्ने मर्मत तथा सुधार खर्च भन्दा बढी दावीलाई अमान्य गरेको एवं आ.व. ०६९।०७० को संशोधित कर निर्धारणबाट कायम भएको भन्दा बढी नोक्सानी दावी गरेकोलाई अमान्य गरी ठूला करदाता कार्यालयबाट कायम भएको संशोधित कर निर्धारण आदेश कानूनसम्मत रहेको हुँदा सदर गरी पाउँ भनी प्रत्यर्थी कार्यालयको तर्फबाट विशेष सरकारी वकील कार्यालय, काठमान्डौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले मिति २०७९।१२।२१ मा यस न्यायाधिकरण पेश गर्नुभएको बहस नोट।

११. क्यासिनो Rental वापतको विवादित रकम वास्तविक रुपमा प्राप्त नै नभएको रकमलाई कम्पनीको आयमा समावेश गरेको, आ.व. २०६३।६४ सम्मको विपक्षी कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेश र सो आदेश सदर गर्ने प्रशासकीय पुनरावलोकनको निर्णय श्री राजश्व न्यायाधिकरण काठमाण्डौंबाट बदर गरी पुनः निर्णय गर्न भनिएको र सो सम्बन्धी मिसिल विभागमा विचाराधीन रहेको अवस्थामा पुर्व त्रुटिपूर्ण गणनालाई नै आधार मानि यस आ.व. को हकमा ह्रास आधार कायम गरेको, मर्मत तथा सुधार खर्च सम्बन्धमा भएको निर्णय कानुन बमोजिम साधिकार निकायबाट परीक्षण हुने क्रममा रहेकोमा सोको निर्णय नपर्खी विपक्षी कार्यालयबाट भएको निर्णय

त्रुटिपूर्ण रहेको, आ.व. २०६३।६४ सम्मको नोक्सानी लगायतका खर्च कट्टीलाई अमान्य गर्ने गरी शुरु ठूला करदाता कार्यालयबाट भएको कर निर्धारण आदेश, निर्णय, र पत्र समेत त्रुटिपूर्ण हुँदा बदर गरी पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक तर्फका विद्वान अधिवक्ता श्री क्षेतेन लामाले मिति २०८०।०१।१७ मा पेश गरेको लिखित बहसनोट।

१२. प्रस्तुत मुद्दा र लगाउका मुद्दाहरुमा पुनरावेदक करदाताको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रमण कुमार कर्णको शुरुवाती बहस सकिएको भएपनि प्रत्यर्थी तर्फका विद्वान सहायक न्यायाधिवक्ताको बहस बाँकी रहेकोले अब सुनुवाई सम्पन्न गर्न आज समयको अभाव भएको हुँदा प्रस्तुत मुद्दा हेर्दाहेर्दैमा राखिदिएको छ। मिति २०८०।२।८ गते सोमबारको पेसीमा चढाई नियमानुसार पेश गर्नू भन्ने यस न्यायाधिकरणबाट मिति २०८०।२।१ मा भएको आदेश ।

## ठहर खण्ड

१३. नियम बमोजिम हेर्दाहेर्दैमा राखी आजको पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, प्रत्यर्थी ठूला करदाता कार्यालयबाट प्राप्त हुन आएको शुरु मिसिल लगायतका अन्य कागजातहरु समेत अध्ययन गरी पुनरावेदक करदाता तारागाँउ रिजेन्सी होटल्स कम्पनी लिमिटेडका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री रमणकुमार कर्णले ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको आ.व. २०७०।७१ को संशोधित कर निर्धारण आदेश त्रुटिपूर्ण रहेको हुँदा सो आदेश बदर गरी पुनरावेदन मागदावी बमोजिम संशोधित कर निर्धारण गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१४. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले करदाताको हकमा ठूला करदाता कार्यालयबाट भएको आ.व. २०७०।७१ को संशोधित कर निर्धारणको आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानूनसम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१५. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फका कानुन व्यवसायी विद्वानहरुबाट प्रस्तुत बहसनोट तथा बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको हकमा भएको आ.व. २०७०।७१ को संशोधित कर निर्धारणको आदेश तथा सोही आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत

मिलेको छ, छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१६. निर्णय तर्फ विचार गर्दा करदाताको पहिलो पुनरावेदन जिकिर क्यासिनो भाडामा संचालन गर्ने दिए वापत प्राप्त गर्नु पर्ने आम्दानीलाई आयमा राखेको नदेखिएकोले आयमा समावेश गर्ने गरी भएको निर्णय उपर रहेको देखिन्छ। कम्पनीले क्यासिनो भाडाबाट प्राप्त गर्नुपर्ने पूर्वनिर्धारित आम्दानी रु.५,४०,००,०००।- मध्ये आयमा समावेश गरेको रु.२,७०,००,०००।- लाई समायोजन गरी आयमा समावेश हुन छुट हुन गएको रु.२,७०,००,०००।- लाई ठूला करदाता कार्यालयले आयमा समावेश गरेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा २२ (१) मा "कुनै व्यक्तिले कहिले कुनै आय प्राप्त गर्छ वा कुनै खर्च गर्छ भन्ने कुराको निर्धारण यस ऐनको अधीनमा रही लेखाको सर्वमान्य सिद्धान्त अनुरुप हुनेछ भन्ने व्वयस्था गर्दै उपदफा (३) मा कम्पनीले कर प्रयोजनको लागि एक्रुयल आधारमा लेखाङ्कन गर्नुपर्नेछ।" भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ। उक्त कानुनी व्यवस्था बमोजिम कम्पनीले होटलको सम्पुर्ण कारोवार लेखाको सर्वमान्य सिद्धान्त अनुरुप एक्रुयल आधारमा गर्नुपर्ने दायित्व रहेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा २४ (१) मा "कुनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधीनमा रही व्यवसाय वा लगानीबाट भएको आफ्नो आयको गणनाको लेखाङ्कन एक्रुयल आधारमा गर्दा भुक्तानी प्राप्त गर्ने अधिकार सिर्जना हुनासाथ त्यस्तो भुक्तानी प्राप्त गरेको मानी निजको आयको गणनामा समावेश गर्नु पर्नेछ।" भन्ने व्यवस्था गरेको देखिन्छ। करदाता कम्पनीले क्यासिनो संचालन भएको अवधिको मासिक भाडा रकम प्राप्त नभएको कारण प्राप्त नभएको रकमलाई आयमा समावेश गर्न नहुने भनी लिएको तर्क माथि उल्लिखित कानूनी व्यवस्था विपरीत रहेको देखियो। सम्झौताबाट भाडा वापत प्राप्त हुने आम्दानी पूर्व निर्धारित भई यकिन भइसके पछि त्यसलाई आयमा समावेश गर्नपर्ने देखियो। त्यसैले करदाताले क्यासिनो संचालन भएको अवधिको असुल गर्न बाँकी रु.२,७०,००,०००।- भाडा रकमलाई आयकर ऐन, २०५८ को दफा २४(१)(३) बमोजिम करदाताको आयमा समावेश गरेको शुरु ठूला करदाता कार्यालयको निर्णय मनासिव नै देखियो।

१७. करदाताको दोस्रो पुनरावेदन जिकिर हेर्दा, ह्रास खर्च वापत बढी दावी गरिएको रकम रू.१,८२,१८,०५५।४६ अमान्य गरिएको निर्णय उपर रहेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा १९ को उपदफा (१) मा "कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागी सो व्यवसाय वा लगानीबाट सो व्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रास योग्य सम्पत्तिको ह्रास भए वापत अनुसूची २ वमोजिम ह्रास खर्च कट्टी गर्नुपर्ने छ" भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ भने अनुसूची २ मा ह्रास खर्च कट्टी

गणना गर्ने विस्तृत विधि समेत उल्लेख भएको देखिन्छ। ठूला करदाताको कार्यालयबाट करदाताको आ.व. २०६९/०७० को संशोधित कर निर्धारण गर्दा आ.व. २०७०/०७१ को लागि कायम गरिदिएको ह्रास आधार वमोजिम समूहीकृत सम्पत्तिको ह्रास खर्च रू.८,६७,७६,९७९।३३ ह्रास खर्च पाउनेमा करदाताले सो अनुरूप नगरी रू.१,८२,१८,०५५।४६ बढी दावी गरी जम्मा रू.१०,३०,७७,६२७।- ह्रास खर्च दावी गरेको पाइयो। करदाताले आ.व. २०६२।०६३ भन्दा अघिको आ.व. को ह्रास खर्च अमान्य गरेको कारण यो वर्ष पनि फरक परेको भन्ने जिकिर लिए पनि दावी बमोजिमको कुनै ह्रास खर्च वा ह्रास आधार बदर भएको प्रमाणिक आधार पेश गरेको देखिदैन । साथै, करदाताको आ.व. २०६९।७० को संशोधित कर निर्धारण आदेश उपर परेको लगाउको ०७४-RB-००८१ नम्बरको आयकर मुद्दामा आज यसै इजलासबाट शुरु संशोधित कर निर्धारण आदेश सदर भई फैसला भइसकेको स्थिति हुँदा सो समेत आधारमा अघिल्लो आ.व.को संशोधित कर निर्धारणबाट कायम भएको ह्रास आधार कानून वमोजिम अन्यथा नभएसम्म त्यसलाई आधार मानेर नै करदाताले ह्रास खर्च दावी गर्नुपर्नेमा आफूखुशी रू.१,८२,१८,०५५।४६ वढी दावी गरेको कार्यलाई कानून सम्मत मान्न नमिल्ने हुँदा करदाताको यो पुनरावेदन जिकिरसंग सहमत हुन सकिएन।

१८. पुनरावेदक करदाताको तेस्रो पुनरावेदन जिकिर मर्मत तथा सुधार खर्चमा दावी गरेको खर्च मध्ये समूह 'ख' मा रु.१५,३५,६४६।- र समूह 'घ' मा रु.१४,८२,५०१।- बढी खर्च दावी गरेको भनी खर्च अमान्य गरेको विषयमा रहेको देखिन्छ। ठूला करदाता कार्यालयले आ.व. २०६९/०७० को संशोधित कर निर्धारण गर्दा कायम गरेको ह्रास आधार बमोजिम करदाताले समूह "ख" मा रु.१५,३५,६४६।- र समूह "घ" मा रु.१४,८२,५०१।- समेत जम्मा रु.३०,०८,१४७।- मर्मत खर्च बढी दावी लिएको भन्ने ठूला करदाता कार्यालयको निर्णय पर्चामा निष्कर्ष रहेको पाइयो। आयकर ऐन, २०५८ को दफा १६(१) मा "कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीको आय गणना गर्दा सो व्यवसाय वा लगानीबाट आय आर्जन गर्न सो वर्षमा स्वामित्व भएको र प्रयोग गरिएको ह्रासयोग्य सम्पत्तिको मर्मत वा सुधार गर्दा भएको सबै खर्चहरु कट्टी गर्न पाउनेछ" भन्ने र उपदफा (२) मा उपदफा (१) मा "जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम गर्न पाउने खर्च कट्टी गर्दा उक्त आय वर्षको अन्त्यमा रहेको सम्पत्तिको समूहको ह्रास आधार रकमको सात प्रतिशत भन्दा बढी हुने छैन" भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ। करदाताले उक्त कानुनी व्यवस्था विपरीत रु.३०,०८,१४७।- बढी मर्मत सुधार खर्चमा कट्टी दावी गरेको र सोको आधार प्रमाण पेश गर्न सकेको पाइएन। माथि प्रकरण नं. १७ मा विवेचना गरिएको ह्रास खर्च सम्बन्धी शीर्षकको विवेचनाबाट समेत ह्रास खर्च समेत बढी दावी गरेको देखिएको र यो आ.व. २०७०।७१ को लागि कायम ह्रास आधार भन्दा मर्मत सुधार

खर्च पनि बढी दावी गरेको स्पष्ट देखिंदा त्यस्तो बढी दावी गरेको खर्च अमान्य गरी भएको शुरू निर्णयलाई अन्यथा भन्न मिलेन।

१९. पुनरावेदन करदाताको अन्तिम पुनरावेदन जिकिर हेर्दा, करदाताले समायोजनको दावी लिएको विगत आ.ब.मा भएको नोक्सानी रु.१९,१३,५७,७९४।- लाई खर्च कट्टी अमान्य गरेको सम्बन्धमा रहेको देखिन्छ। शुरु ठूला करदाता कार्यालयले गत आ.ब. २०६९/०७० को संशोधित कर निर्धारणबाट नोक्सानी रु.२७,८७,३५,२६०।- मात्र कायम गरेकोमा करदाताले सो सहित आ.व. २०६३/०६४ देखिको नोक्सानी समेत रु.१९,१३,५७,७९४।– सारेकोले त्यसलाई अमान्य गरेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा २० को उपदफा (१) मा कुनै व्यक्तिले कुनै आय बर्षमा व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि देहाय बमोजिमको नोक्सानी कट्टी गर्न पाउनेछ भन्ने व्यवस्था गर्दै देहाय खण्ड (ख) मा त्यस्तो व्यक्तिले कुनै व्यवसायबाट व्यहोर्नु परेको विगत सात आय बर्षहरुको कट्टी हुन नपाएको नोक्सानी भन्ने बेहोरा उल्लेख भएको देखियो। ठूला करदाता कार्यालयबाट करदाताको आ.ब. २०६९/०७० को लागि मिति २०७२/०२/२४ मा संशोधित कर निर्धारण आदेश हुँदा रु.२७,८७,३५,२६०।- नोक्सानी कायम भएको मिसिलबाट देखिन्छ। आ.व. २०६९।७० को संशोधित कर निर्धारण आदेश उपर यिनै करदाताले पेश गरेको लगाउको ०७४ - RB - ००८१ नम्बरको आयकर मुद्दामा शुरु संशोधित कर निर्धारण आदेश नै सदर हुने ठहरी आज यसै इजलासबाट फैसला भई सकेको हुँदा आ.व. २०६९।७० को संशोधित कर निर्धारण आदेशले कायम गरे भन्दा बढी नोक्सानीले मान्यता पाउन सक्ने देखिदैन। ठूला करदाता कार्यालयबाट भएको उक्त आदेश माथिल्लो निकायबाट अन्यथा भएको भनी करदाताले देखाउन सकेको अबस्था नहुँदा करदाताले आ.ब. २०६३/०६४ देखिको नोक्सानी भनी सारेको रु.१९,१३,५७,७९४।- नोक्सानीलाई खर्च कट्टी अमान्य गरी शुरु ठूला करदाता कार्यालय ललितपुरबाट भएको निर्णय कानूनसम्मत रहेको देखियो।

२०. तसर्थ माथि विवेचित आधार एवं कारण समेतबाट करदाता तारागाउँ रिजेन्सी होटल्स लिमिटेड (स्थायी लेखा नं. ३०००५२६३७) को आ. ब. २०७०/०७१ को ठूला करदाता कार्यालयबाट मिति २०७३/०२/२८ मा भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

## <u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालयलाई पठाईदिनू।

२. प्रस्तुत फैसलाको विद्युतीय प्रति सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुरमा पठाई दिनू।

५. प्रस्तुत मुद्दाको रेकर्ड मिसिल यस न्यायाधिकरणको अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः श्री भिष्म भट्टराई
ईति सम्वत् २०८० साल जेष्ठ ८ गते रोज २ शुभम् ---------------------
फैसला प्रमाणिकरण गर्नेः-
फैसला प्रमाणिकरण मितिः- राजस्व न्यायाधिकरण काठमाडौंको छाप